शैक्षिक पुस्तकालय
शिक्षक शाखा

सूचना तथा सार्वजनिक स्पष्टीकरण

शिक्षकको निवृत्तभरण गणनासम्बन्धी विषयमा गम्भीर ध्यानाकर्षण भएको सम्बन्धमा ।

सामाजिक सञ्जालमा शिक्षकको निवृत्तभरण गणना, सेवा अवधि तथा ग्रेड रकम समावेश हुने वा नहुने विषयलाई लिएर विभिन्न टिप्पणी तथा अभिव्यक्तिहरू सार्वजनिक भएकोप्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ। शिक्षकहरूको सेवा सुविधासँग प्रत्यक्ष सरोकार राख्ने यस्ता संवेदनशील विषयमा प्रचलित कानुनी व्यवस्था, आधिकारिक अभिलेख र तथ्यको यथार्थ जानकारी नलिई गरिने टिप्पणीले सेवाग्राही शिक्षकहरूमा अन्योल तथा भ्रम सिर्जना गर्न सक्ने भएकाले सम्बन्धित सबैमा देहायबमोजिम स्पष्ट पार्न चाहन्छौं।

१. निवृत्तभरण गणनाको कानुनी व्यवस्था

शिक्षा नियमावली, २०५९ को नियम ११३(१) अनुसार नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी नियुक्ति पाई कम्तीमा २० वर्ष नोकरी गरेको शिक्षकले देहायको सूत्रअनुसार मासिक निवृत्तभरण प्राप्त गर्ने व्यवस्था छ।

निवृत्तभरण गणना गर्ने सूत्र :

$$\text{मासिक निवृत्तभरण} = \frac{\text{जम्मा गणना हुने नोकरी वर्ष} \times \text{आखिरी महिनाको तलब}}{५०} \ldots\ldots\ldots\ldots *$$

उदाहरणका लागि, कुनै प्राथमिक, तृतीय श्रेणीको शिक्षकको सुरु तलबमान रू.३६१९२, ग्रेड सङ्ख्या ६, ग्रेड दर रू.१२०६ ले कायम हुने आखिरी महिनाको तलब = रू. ३६१९२+ ग्रेड रकम= रू. ३६१९२+ रू. ७२३६

= रू. ४३, ४२८ हुन्छ। मानौ निज शिक्षकको नोकरी वर्ष=२० वर्ष छ।

$$\text{मासिक निवृत्तभरण} = \frac{२० \times \text{रू.}४३,४२८}{५०} = \text{रू. } १७३७१.२$$

नियम ११३(२) अनुसार निवृत्तभरणकों न्यूनतम र अधिकतम सीमासमेत तोकिएको छ। न्यूनतम रकम समान पदको बहालवाला शिक्षकको तलबको सुरु अङ्कको आधाभन्दा कम र अधिकतम रकम समान पदको बहालवाला शिक्षकको तलबको सुरु स्केलभन्दा बढी हुने छैन।

यहाँ निज शिक्षकको मासिक निवृत्तभरणको रकम सुरुको तलब अङ्कको आधाभन्दा रु.७२४.८ ले कम भयो। त्यसकारण, सो कम भएको रकम बराबरको रकम थप गरी मासिक निवृत्तभरणको अङ्क निर्धारण गरिन्छ।

अत: निज शिक्षकले मासिक निवृत्तभरण पाउने रकम= रू१७३७१.२+रू. ७२४.८=रू. १८०९६ (रू. ३६१९२ को आधा)।

२. सेवा अवधि गणनासम्बन्धी व्यवस्था

शिक्षा नियमावली, २०५९ को नियम ११४ अनुसार निवृत्तभरण प्रयोजनका लागि गणना हुने सेवा अवधि यकिन गरिन्छ। नियमबमोजिम गणना नहुने असाधारण बिदा, बेतलबी बिदा, स्वीकृति नलिई अनुपस्थित रहेको अवधि तथा स्थायी सेवा अवधिमा भएको विच्छेदलगायतका अवधि नियमानुसार कट्टा गरिन्छ।

राष्ट्रिय किताबखाना
शिक्षक शाखा

अतः कुनै शिक्षकले २० वर्ष वा सोभन्दा बढी समय काम गरेको भन्ने आधारमा मात्र सम्पूर्ण अवधि स्वतः निवृत्तभरणमा गणना हुन्छ भन्ने बुझाइ सही होइन। कानुनबमोजिम गणना हुने सेवा अवधि नै निवृत्तभरण निर्धारणको आधार हो।

३. ग्रेड रकमसम्बन्धी स्पष्ट व्यवस्था

शिक्षा नियमावली, २०५९ को नियम १००(२) अनुसार स्थायी शिक्षकले एक शैक्षिक सत्र पूरा गरेपछि नेपाल सरकारले तोकेबमोजिम तलब वृद्धि (ग्रेड) पाउने व्यवस्था छ।

निवृत्तभरण निर्धारण गर्दा नियम ११३ मा उल्लेख भएको 'आखिरी महिनाको तलब' नै गणनाको आधार हुने भएकाले शिक्षकले नियमानुसार प्राप्त गरेको, आधिकारिक अभिलेख तथा पारित तलबी प्रतिवेदनबाट पुष्टि भएको र अवकाश हुँदाका बखत लागु रहेको तलब तथा ग्रेडको अवस्था यकिन गरी गणना गरिन्छ।

यसर्थ, ग्रेड रकम समावेश हुने वा नहुने विषयमा व्यक्तिको व्यक्तिगत व्याख्या वा अनुमानभन्दा प्रचलित कानुन, नेपाल सरकारका निर्णय, स्वीकृत तलबी प्रतिवेदन तथा आधिकारिक अभिलेख नै निर्णायक आधार हुन्।

४. छुट प्राविधिक ग्रेडसम्बन्धी व्यवस्था

शिक्षकको छुट प्राविधिक ग्रेडसम्बन्धी विषयमा सर्वोच्च अदालतको मिति २०७६/०१/१५ को रिट नं. ०७३-WO-०७४२ को आदेश तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८२/०५/०२ को निर्णय कार्यान्वयनसम्बन्धी पत्रबाट निर्धारित आधार र प्रक्रिया लागु गरिएको छ।

उक्त व्यवस्थाअनुसार तोकिएको योग्यता, नियुक्तिको समय, तालिम, विगतमा प्राविधिक ग्रेड प्राप्त गरेको अवस्था र आवश्यक प्रमाण कागजातका आधारमा योग्य शिक्षकलाई छुट प्राविधिक ग्रेड उपलब्ध गराउने व्यवस्था रहेको छ।

त्यसैले प्राविधिक ग्रेड पाउने र नपाउने शिक्षकको अवस्था एउटै हुँदै न। सबै शिक्षकलाई समान रूपमा दुई ग्रेड थपिने वा कसैलाई पनि ग्रेड नदिइने भन्ने दुवै प्रकारका सामान्यीकरण तथ्यसङ्गत हुँदैनन्।

५. राष्ट्रिय किताबखाना, शिक्षक शाखाको जिम्मेवारी

शिक्षा नियमावली, २०५९ को नियम १२६ ले शिक्षकको निवृत्तभरण, उपदान तथा सेवा अवधि गणनासम्बन्धी काम किताबखानाको जिम्मेवारीभित्र राखेको छ।

यस कार्यालयबाट शिक्षकहरूको सेवा अभिलेख, स्वीकृत तलबी प्रतिवेदन, नियुक्ति तथा बढुवासम्बन्धी कागजात र प्रचलित कानुनी व्यवस्थाको परीक्षण गरी निवृत्तभरण अधिकारपत्र निर्धारण गर्ने कार्य गरिन्छ।

कार्यालयबाट हुने प्रत्येक निर्णय कानुन, प्रमाण र आधिकारिक अभिलेखका आधारमा हुने हुँदा कुनै शिक्षकको निवृत्तभरण रकममा फरक परेको देखिएमा सम्बन्धित व्यक्तिको विवरण र कागजातका आधारमा परीक्षण तथा आवश्यक सुधारको प्रक्रिया अवलम्बन गर्न सकिनेछ।

६. सार्वजनिक अभिव्यक्तिका सम्बन्धमा

शिक्षकहरूको हकहित र सेवा सुविधाका विषयमा प्रश्न उठाउनु, जानकारी माग्नु तथा कानुनसम्मत रूपमा गुनासो राख्नु सबैको अधिकार हो । यस कार्यालय शिक्षकहरूका जायज गुनासा तथा सुझावप्रति सदैव संवेदनशील र जवाफदेही रहँदै आएको छ ।

तर, तथ्य र प्रमाणविना कर्मचारी तथा कार्यालयलाई भ्रष्टाचार, अनियमितता वा संगठित अपराधजस्ता गम्भीर आरोपसँग जोडेर सार्वजनिक रूपमा प्रस्तुत गर्नु उचित हुँदैन । यस्ता आरोप लगाउनुपर्ने पर्याप्त आधार र प्रमाण भए सम्बन्धित निकायमा उजुरी तथा छानबिनको कानुनी प्रक्रिया अवलम्बन गर्न सकिन्छ ।

यस कार्यालयको काम, निर्णय र प्रक्रियाबारे कुनै जिज्ञासा, असहमति वा गुनासो भए आधिकारिक रूपमा सम्पर्क गरी तथ्य र प्रमाणसहित जानकारी लिनसमेत सम्बन्धित सबैमा अनुरोध छ ।

अन्त्यमा, शिक्षकहरूको सेवा सुविधासँग सम्बन्धित विषयमा भ्रम सिर्जना हुने गरी अपूर्ण वा एकपक्षीय सूचना प्रवाह नगर्न तथा आधिकारिक जानकारीका आधारमा मात्र धारणा सार्वजनिक गर्न सबैमा हार्दिक अनुरोध गर्दछौं।

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

राष्ट्रिय किताबखाना

शिक्षक शाखा

म्युजियम मार्ग, छाउनी, काठमाडौं ।